सरावल गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी ... सुस्ता पश्चिम)

लुम्बिनी ...

प.सं. २०८३/०८४

च.न.

## हार्दिक अपिल ।

मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको भिषण बाढीका कारण नदी तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएको घटनाले हामी सबैलाई दु:खी बनाएको छ। यस दु:खद् घडीमा ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाइते एवं प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। परिवारजन गुमाउनुभएका प्रति संवेदना व्यक्त गर्दछौं तथा बेपत्ता नागरिकहरूको तत्काल खोजी, उद्धार र सुरक्षित पुनर्स्थापनाका लागि सम्बन्धित सबै निकायबाट प्रभावकारी पहल होस् भन्ने अनुरोध गर्दछौं।

विपद् कसैको व्यक्तिगत समस्या होइन, यो सम्पूर्ण समाजको साझा चुनौति हो । यस्तो कठिन र संवेदनशील परिस्थितिमा स्थानीय सरकारको रूपमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता प्रकट गर्दै हामी मानवीय तथा सामाजिक दायित्व निर्वाह गर्न प्रतिबद्ध छौं। यही भावनालाई आत्मसात् गर्दै सरावल गाउँपालिकाले गाउँपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारी र विद्यालयका शिक्षक तथा कर्मचारीहरु समेतको तर्फबाट योगदान गर्न श्रेणी विहिन, सहायक र अधिकृतस्तरका कर्मचारी र शिक्षकहरुबाट बाट मासिक सुरु तलब स्केलको क्रमस २,५ र ७ दिनको तलब/पारिश्रमिक बराबरको रकम २०८३ भाद्र महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी **प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा** जम्मा गरिनेछ ।

यस विषम परिस्थितिमा सरावल गाउँपालिकाबाट आजको मितिले १५ दिन सम्म कुनैपनि मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन नगरिने सबैमा जानकारी गराउछौ । दु:खको यस घडीमा स्वदेश– विदेशमा रहेका सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, सामाजिक संघसंस्था, व्यवसायी, बुद्धिजीवी, युवाहरू, स्वयंसेवक तथा शुभेच्छुक महानुभावहरूमा पीडितको पीडालाई आफ्नै ठानी हातेमालो गरौं, साथ दिऔं, सहयोग गरौं र विपत्तिमा परेका हाम्रा दाजुभाइ– दिदीबहिनीहरूलाई पुनः जीवनको आशा दिलाउन हार्दिक अपिल गर्दछौं ।

मिति २०८३ भदौ १६ गते मङ्गलबार ।

..................

(श्रीप्रसाद गौतम)

प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

"स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधार:समृद्ध सरावलको आधार"

Website: https://sarawalmun.gov.np, Email:info@sarawalmun.gov.np/it.sarawalmun@gmail.com, Contact 9857046266

Scanned with CamScanner